(ठ) ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा, सार्वजनिक स्थल, पाटी-पौवा, ढुंगेधारा, इनार, मठमन्दिरको जिर्णोद्धार तथा मर्मत र सार्वजनिक जग्गाको संरक्षण गरी आवश्यक स्थानमा बाल, युवा र वृद्धका लागि अपांगमैत्री पार्क तथा बहुउद्देश्यीय सामुदायिक भवनको व्यवस्थाका लागि जनस्तरबाट काम गर्न अभिप्रेरणा प्रदान गर्ने ।

(ड) विकासका परियोजना तर्जुमा गर्दा निर्वाचन क्षेत्रका आवश्यकतालाई विशेष प्राथमिकतामा राख्न पहल गर्ने ।

(ढ) भूमिहीन स्वबासीको आत्मसम्मान, रोजगारी, गाँस र बासमा पर्याप्त ध्यान दिने, स्वरोजगार बन्न विशेष तालिमको व्यवस्था गर्ने ।

(ण) भूकम्प, आगलागी, कोरोना र डेंगीजस्ता विभिन्न महामारीको जोखिम तथा विपद् व्यवस्थापनको पूर्वतयारीको प्रबन्ध, विपदका अवधिमा स्वयम्सेवी टास्कफोर्स परिचालन गर्ने ।

(त) निर्वाचन क्षेत्रमा आफैं उपस्थित भएर आवधिक सार्वजनिक सुनुवाई गर्ने ।

देशको विकास, समुन्नति र सुशासनका लागि नेपाली काँग्रेसको दृष्टिकोण र संविधानले परिकल्पना गरेको समतामूलक लोकतान्त्रिक समाज निर्माण गर्न 'केन्द्रमा प्रभाव, क्षेत्रमा विकास' को मूल नारासहित राष्ट्रलाई निकास र क्षेत्रको समग्र विकास गर्ने प्रतिबद्धतासाथ तपाईंहरु समक्ष पुनः आएको छु ।

माथि भनिएका मेरा प्रतिबद्धतालाई पुरा गर्ने र क्षेत्रका बासिन्दा एवम् मतदाताहरुले बेलाबेलामा दिनु भएका सुझावहरुलाई आत्मसात् गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दछु । यी प्रतिबद्धता पुरा गर्न, गराउन म प्रतिनिधिसभाको उम्मेदवार प्रकाशमान सिंह, नेपाली काँग्रेस प्रदेशसभा १'१' का उम्मेदवार दिपेन्द्र श्रेष्ठ र प्रदेशसभा १'२' का उम्मेदवार सुरजचन्द्र लामिछाने एवम् संघ तथा समानुपातिक उम्मेदवारहरु प्रतिनिधिसभातर्फ मोहन राई तथा प्रदेशसभातर्फ लिलेन्द्र प्रसाद प्रधान, शान्ता ढकाल र प्रबल थापालाई जिताउन आफ्नो अमूल्य मत 'रुख' चिन्हमा दिनुहुन सादर अनुरोध गर्दछु ।

## जय नेपाल !!!



Distinction, MSc. Statistics
Tribhuvan University

Lecturer
Trichandra Campus

नेपालको संविधान जारी गर्दाबखतका उपप्रधानमन्त्री

नेपाली काँग्रेसको पहिलो निर्वाचित महामन्त्री

★ ★ ★ ★

## मेरो राजनीतिक यात्रा

**वि.सं. 2036**
अध्यक्ष, नेपाल विद्यार्थी संघ (काठमाडौं)

**वि.सं. 2045**
सभापति, नेपाली काँग्रेस काठमाडौं जिल्ला कार्यसमिति

**वि.सं. 2051**
सदस्य, राष्ट्रिय सभा

**वि.सं. 2057**
केन्द्रीय सदस्य, नेपाली काँग्रेस (१० औं महाधिवेशन)

**वि.सं. 2063**
उपसभापति, नेपाली काँग्रेस (११ औं महाधिवेशन)

**वि.सं. 2064**
सभासद, पहिलो संविधान सभा (काठमाडौं क्षेत्र नं. १)

**वि.सं. 2067**
महामन्त्री, नेपाली काँग्रेस (१२ औं महाधिवेशन), पहिलो निर्वाचित महामन्त्री

**वि.सं. 2070**
- सभासद, दोस्रो संविधान सभा (काठमाडौं क्षेत्र नं. १)
- उपप्रधानमन्त्री र संघीय मामिला तथा स्थानीय विकास मन्त्री, नेपाल सरकार

**वि.सं. 2074**
सदस्य, प्रतिनिधि सभा (काठमाडौं क्षेत्र नं. १)




राष्ट्रियता लोकतन्त्र समाजवाद

# केन्द्रमा प्रभाव क्षेत्रमा विकास

★ ★ ★ ★



**प्रकाशमान सिंह**
प्रतिनिधिसभा सदस्य उम्मेदवार, काठमाडौं क्षेत्र नं. १, नेपाली काँग्रेस

काँग्रेसको नेतृत्वमा शान्ति र संविधान ।
काँग्रेसकै नेतृत्वमा समृद्धिको अभियान ।।

prakashmansingh.com

## काठमाडौं निर्वाचन क्षेत्र नं. १ मा नेपाली काँग्रेसका तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रकाशमान सिंहको

# प्रतिबद्धतापत्र

यस क्षेत्रका आदरणीय मतदाताज्यूहरु,
नमस्कार !

सम्पूर्ण नेपालीको महान पर्व तिहार, नेपाल संवत् तथा छठको पावन अवसरमा आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु ।

★ २०७९ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभातर्फ प्रत्यक्ष र समानुपातिक उम्मेदवारका लागि आमनिर्वाचन हुँदैछ । उक्त निर्वाचनमा लोकतान्त्रिक-वाम गठबन्धन घटक नेपाली काँग्रेसले एकपल्ट फेरि यसै क्षेत्रबाट मलाई प्रतिनिधिसभा (प्रत्यक्ष) तर्फ उम्मेदवार बन्ने अवसर प्रदान गरेकोले उक्त पार्टीका तर्फबाट मैले मनोनयनपत्र दाखिला गरिसकेको छु । निर्वाचनको दिनलाई राष्ट्रिय उत्सवको रुपमा लिई सक्रियतापूर्वक भाग लिई मतदान गर्नुहुन सम्पूर्ण मतदातामा विनम्रतापूर्वक अनुरोध गर्दछु ।

★ यो क्षेत्र मेरा लागि अपरिचित ठाउँ होइन, न त यस क्षेत्रका आममतदाताकै लागि म नचिनिएको व्यक्ति हुँ । मेरो शक्ति भनेको आदरणीय मतदाता (जनता) हुनुहुन्छ, जसले लगातार तीनपटक यस क्षेत्रबाट स्नेह गरी निर्वाचित गराएर पठाउनु भएकोले नै चौथो पटक पनि उम्मेदवार बन्ने मैले साहस गरेको हुँ । विगतका मेरा प्रतिबद्धता जे जति पुरा गर्न सकें त्यसमा यहाँहरुको मात्र योगदान छ । जे जति कमजोरी छन् ती सबै मेरा हुन् । मेरा त्रुटीहरु मतदाताहरुले औंल्याइदिनु भए भविष्यमा मैले सच्चिने अवसर प्राप्त गर्ने थिएँ । तर एउटा कुरा भने म जोड दिएर भन्न चाहन्छु- **संसद्मा छँदा यस क्षेत्रका जनताको मैले कहिल्यै शिर निहुराउने काम गरेको छैन ।**

★ यहाँहरुलाई अवगत नै छ पछिल्लो निर्वाचनमा समग्रमा नेपाली काँग्रेसले राम्रो नतिजा ल्याउन सकेन । जसलाई जनताले पाँच वर्षका लागि शासन चलाउने अभिभारा दिए तिनले पुरा कार्यकाल पनि शासन सञ्चालन गर्न सकेनन् । गणतन्त्र, लोकतन्त्र, संघीयता र समानुपातिक समावेसिता २०७२ असोज ३ गते जारी संविधानका मूल खम्बाहरु हुन् । संविधानका यी लक्ष्यहरुलाई बलियो बनाउनुपर्नेमा अहिले संविधानकै विकल्प आवश्यक छ भन्ने सम्मका आवाजहरु उठाइँदै छ ।

★ नेपाल विविधता र वहुलता भएको मुलुक हो । यहाँ लोकतन्त्रको विकल्प लोकतन्त्र मात्रै हुन्छ । लोकतन्त्रलाई मूल मन्त्र मानेर जबाफदेही शासन व्यवस्था जसमा जनता र संविधानको सर्वोच्चता हुन्छ त्यसको स्थापनार्थ प्रयत्न गर्दै आएको नेपाली काँग्रेस र त्यसको उम्मेदवार भएको नाताले,

### संघीय तहमा मेरो अठोट र यस क्षेत्रमा गर्ने कामको प्राथमिकतालाई संक्षेपमा आफ्नो प्रतिबद्धतासहित उल्लेख गर्न चाहन्छु:

(क) प्रतिनिधिसभामा उपस्थित रही जनता र राष्ट्रका पक्षमा आवाज बुलन्द गर्ने ।
(ख) नीतिगतरुपमा विधायन कार्यमा सक्रियातापूर्वक जनताको हित अनुकूल कानून बनाउने ।
(ग) संवैधानिक सर्वोच्चता कायम गर्दै संविधानका माथि उल्लेखित चार खम्बालाई मजबुत पार्ने ।
(घ) संघबाट प्राप्त हुने रोजगारी, सेवा, सुविधालाई पारदर्शीरुपमा कसैप्रति विभेद नहुने गरी स्वस्थ प्रतिस्पर्धाको आधारमा उपलब्ध गराउने ।
(ङ) गत पाँच वर्षमा गर्न नसकिएको निजामती कर्मचारी र प्रहरी समायोजन, नागरिकता, शिक्षा, स्वास्थ्यसम्बन्धी अत्यावश्यक विधेयकहरुलाई समयतालिका बनाई पारित गर्न प्रयत्नशील रहने ।
(च) अर्थतन्त्रका लागि आवश्यक पर्ने कानून निर्माण गर्न लागी पर्ने ।
(छ) सुशासन, सदाचारको पक्षमा अडिग रहने र नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
(ज) दलितलगायत सीमान्तकृत वर्गका लागि संविधानको लक्ष्य प्राप्तिमा सक्रिय भई काम गर्ने ।
(झ) महिलालाई सशक्तिकरण गर्न सीपमूलक तालिमको व्यवस्था गर्ने ।

### प्रदेश तथा स्थानीय तहका लागि निम्न कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु:

(क) मुलुक संघीयतामा गएको छ भन्ने आभास दिनेगरी नीति-निर्माणमा लाग्ने ।
(ख) संविधानले प्रदान गरेका प्रदेश र स्थानीय तहका एकल अधिकारको रक्षा एवम् तिनको प्रयोगको सुनिश्चितता गर्ने ।
(ग) प्रदेश र स्थानीय तह माथिको असंवैधानिक रुपमा गरिने हस्तक्षेपको कडा विरोध गर्ने ।

### काठमाडौं क्षेत्र नं. १ को विकासका लागि निम्न काम गर्ने प्रतिबद्धता व्यक्त तगर्दछु:

(क) माध्यमिक तहसम्मको स्तरीय शिक्षाका लागि काठमाडौं महानगरपालिका र यसका वडासँग मिलेर काम गर्ने ।
(ख) आधारभूत स्वास्थ्यका लागि स्थानीय तहसँग मिलेर काम गर्ने ।
★ सरकारबाट प्राप्त हुने निःशुल्क औषधी प्राप्त हुने स्थानबारे आमजनतालाई सुसूचित गर्ने र त्यस्ता औषधी निःशुल्क उपलव्ध गराउने ।
★ यस क्षेत्रका स्थायी बासिन्दालाई स्वास्थ्य परीक्षणका लागि आवश्यकपर्ने रगत, दिसा, पिसाब, एक्स-रे आदिमा क्षेत्र भित्रकै सार्वजनिक अस्पताल, निजी अस्पताल, परीक्षण केन्द्रहरुसँग सल्लाह गरी छुट, अनुदान दिलाउने ।
★ स्वास्थ्य बीमालाई प्रभावकारी बनाउने ।

(ग) उच्च शिक्षाका लागि क्षेत्रभित्र पर्ने सार्वजनिक/निजी महाविद्यालयहरुमा छात्रवृत्तिको व्यवस्था गर्ने, गराउने ।
(घ) स्वच्छ पिउने पानी उपलब्ध गराउन हरसम्भव प्रयत्न गर्ने, मेलम्चीको पुरक स्रोत पनि खोजी गर्ने ।
(ङ) २१ औं शताब्दी युग सुहाउँदो सुरक्षित मार्ग, सीसीटीभी क्यामेरा जडित टोल, सडक निर्माण गर्ने ।
(च) बागमती, रुद्रमती (धोबीखोला) र इच्छुमती (टुकुचा) स्वच्छ र सफा राख्ने ।
(छ) बागमती करिडोरमा हरियाली पार्क निर्माण गरी बिहान/साँझ हिँडडुल तथा व्यायाम गर्न मिल्ने अपांगमैत्री पूर्वाधार निर्माण गर्ने, बालबालिकालगायत युवा समेतलाई खेलकुदका लागि प्रेरित गर्ने र त्यस निम्ति आवश्यक व्यवस्था मिलाउने ।
(ज) निर्वाचन क्षेत्रबासीलाई डिजिटल प्रविधि (जनउपयोगिताको मोबाइल एप्स) सँग जोडिन निःशुल्क तालिम र सूचना प्रविधिको पहुँच बढाउन निःशुल्क वाइफाइ जोनको व्यवस्था गर्ने ।
(झ) उच्च सवारी चाप हुने क्षेत्रमा अनिवार्य ओभरहेड पुल निर्माण, मुस्यसडकमा सम्भाव्यता अध्ययन गरी फ्लाइओभर वा अन्डरपास बनाउने ।
(ञ) युवालाई सीप तथा दक्षता अभिवृद्धि तालिममार्फत् स्वदेशमै क्षमताअनुसारको रोजगारीको सुनिश्चितता गर्ने ।
(ट) निर्वाचन क्षेत्रलाई शून्य फोहोरमैला उत्सर्जन क्षेत्र बनाउन आवश्यक पहल गर्ने ।